२६३

राष्ट्रिय सूचना आयोग २०६५

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ९/२०७१/०७२

पर्सा जिल्ला जय श्री राम खाद्य उद्योग पिपरा, वीरगंज- १७ बस्ने महेन्द्र प्रसाद कुर्मी ...........१ निवेदक

**विरूद्ध**

केन्द्र प्रमुख, नेपाल विद्युत प्राधिकरण, वीरगंज वितरण केन्द्र ..........................................१ विपक्षी

विषय :- सूचना उपलब्ध गराएकोले लगत कट्टा गर्ने ।

पर्सा जिल्ला जय श्री राम खाद्य उद्योग पिपरा, वीरगंज- १७ बस्ने महेन्द्र प्रसाद कुर्मीले नेपाल विद्युत प्राधिकरण, वीरगंज वितरण केन्द्र समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०५।०८ मा निवेदन गरेको र यस आयोगबाट मिति २०७१।०५।२५ मा भएको आदेश मिति २०७१।०५।२६, च.नं. १७९/११२ को पत्रबाट कार्यान्वयनका लागि विपक्षी कार्यालयमा पठाइएकोमा तहाँको मिति २०७१।०७।२३, च.नं. ३७४ को पत्रबाट पुनरावेदकलाई सूचना उपलब्ध गराई सो को प्रति फ्यास मार्फत यस आयोगमा समेत पठाइएको हुँदा सो सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल जेठ २८ गते रोज ५ शुभम् ।